# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ (संख्या १) जेष्ठ १८ गते २०८१ साल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग-२

## प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०१/१६

**प्रस्तावना,**

चामुण्डाबिन्द्रासैनी नगरपालिकाद्धारा सञ्चालित योजना विकासका काममा तन्दुरुस्ती एवं चुस्तता ल्याउन पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुको काममा थप हौसला प्रदान गर्न आवश्यक फिल्ड भत्ताको व्यवस्था गर्न आवश्यक कार्यविधिको आवश्यकता भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा नगरपालिकके प्रशासकीय कर्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ को अधिकार प्रयोग गरि नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यपालिका" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरकार्यपालिकालाई सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ग) "कार्यविधि" भन्नाले प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ।

(घ) "नगरपालिका" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकालाई सम्झनु पर्दछ।

(ङ) "प्राविधिक कर्मचारी" भन्नाले चामुण्डाबिन्द्रसैनी नगरपालिकाको पूर्वाधार विकास शाखामा कार्यरत देहाय बमोजिमका स्थायी, करार तथा ज्यालादारी कर्मचारीलाई सम्झनु पर्दछ।

(अ) इन्जिनियर,

(आ) सब-इन्जिनियर

(इ) असिस्टेन्ट सब-इन्जिनियर

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।





**३. फिल्ड भत्ता उपलब्ध गराउन सक्ने :** नगरपालिकको पूर्वाधार विकास शाखामा कार्यरत कर्मचारीहरुले फिल्डमा गइ काम गरे वापत कार्यालयले देहाय बमोजिम पद/तह/स्तर अनुसार एकमुष्ट मासिक फिल्ड भत्ता प्रदान गर्न सक्नेछ।

| क्र.सं. | पद/तह/स्तर | फिल्ड भत्ता |
|---|---|---|
| १ | इन्जिनियर (अधिकृत स्तर शाखा प्रमुख) | १२,०००।- |
| २ | सब-इन्जिनियर (सहायक स्तर पाचौं) | १०,०००।- |
| ३ | असिस्टेन्ट सब-इन्जिनियर (सहाय स्तर चौथो) | ८,०००।- |

**४. फिल्ड भत्ता प्राप्त आधार पुरा गर्नु पर्ने :** (१) यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीहरुले फिल्ड भत्ता प्राप्त गर्न देहाय बमोजिम आधार पुरा गर्नुपर्नेछ :-

(क) प्राविधिक कर्मचारी मासिक रुपमा कार्यालयमा हाजिर भइ काम गरेको हुनु पर्नेछ,

(ख) कार्यालयले जुनसुकै अवस्थामा काममा खटाउदा काम गरेको हुनु पर्नेछ,

(ग) प्राविधिक कर्मचारीहरुले मासिक रुपमा काम गरेको विवरण शाखा प्रमुखले तयार गरि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नु पर्नेछ,

(घ) माथि खण्ड (ग) बमोजिम शाखा प्रमुखले विवरण तयार गर्दा मातहतका प्राविधिक कर्मचारीहरु फिल्डमा गइ काम गरेको मिति सहित पूरा विवरण समेत खुलाउनु पर्नेछ।

(२) उपदफा (१) (ग) बमोजिम विवरण प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नु पर्नेछ।

(३) माथि उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्राविधिक कर्मचारी वडा कार्यालयमा खटिइ वडा कार्यालयमानै हाजिर भएको अवस्थामा यस कार्यविधि बमोजिम प्रदान गरिने फिल्ड भत्ता उपलब्ध गराइने छैन।

**५ रकम व्यवस्थापन सम्बन्धी व्यवस्था :** यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीहरुले पाउने फिल्ड भत्ताको रकम आयोजना व्यवस्थापन खर्च र आन्तरिक श्रोतबाट व्यवस्थापन गर्नुपर्नेछ।

**६. भुक्तानी विधि :** प्राविधिक कर्मचारीहरुले यस कार्यविधि बमोजिम प्राप्त गर्ने फिल्ड भत्ता कार्यालयले कर्मचारीहरुले पाउने तलवमा प्राविधिक फिल्ड भत्ता समावेश गरि मासिक रुपम उपलब्ध गराउनेछ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि आ.व.२०८०/०८१ को पौष महिना देखि आ.व. २०८१/०८२ असार मसान्त सम्मको फिल्ड भत्ता वापतको रकम एकमुष्ट प्रदान गरिनेछ।

**७. कार्यविधिमा संशोधन :** यस कार्यविधिमा आवश्यक संशोधन गर्नु परेमा नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

**८. स्वत: खारेज हुने :** यो कार्यविधि तथा यस कार्यविधिका दफा तथा उपदफा संघ तथा प्रदेश कानुसाग बाझिएमा बाझिएको हद सम्म स्वत: खारेज भएको मानिनेछ।

आज्ञाले

भक्त बहादुर मल्ल

प्रमुख प्रशासकीय अधिकृत